भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

# अपिल

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को संक्रमणले भरतपुर महानगरपालिका समेत प्रभावित भैरहेको र कोरोना भाइरससंग लडीरहेको वर्तमान समयमा बिगत ३ दिन देखि अविरल रुपमा भारी बर्षा भइरहेको र अझ केहि दिन बर्षा हुन सक्ने भन्ने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको भनाई रहेको छ ।भरतपुर महानगरपालिका क्षेत्रभित्र पर्ने नारायणी नदी, रासी नदी र अन्य खोलाहरुमा बाढी आई धनजनको क्षती हुन सक्ने, महानगरपालिका अन्तर्गत रहेका अधिकांश वडाहरु डुवानमा पर्न सक्ने तथा उच्च पहाडी क्षेत्रमा पहिरोले नोक्सान पार्न सक्ने देखिन्छ।यस समयमा विपद् जोखिम कम गर्न एवं सम्भावित विपदबाट सुरक्षित हुन सावधानी अपनाई आफु र समुदायलाई सुरक्षित राख्न आपसी सहयोग, समन्वय र सहकार्य गर्न सबै वडा कार्यालय, टोल बिकास संस्था, स्थानीय युवा सञ्जाल एवं सम्पूर्ण महानगरवासीहरुमा हार्दिक अपिल गर्दछु । जोखिम क्षेत्रमा बसोबास गर्ने नगरवासीहरुले विपद् आइपरेको खण्डमा नजिकैको वडा कार्यालय वा प्रहरी कार्यालय र महानगरपालिकाका देहाय बमोजिमका अधिकारीहरुलाई सम्पर्क राख्न समेत अनुरोध गर्दछु ।-

- प्रमुख प्रशासकीय अधिकृत- ९८५५०५८०६६
- विपद व्यवस्थापन शाखा प्रमुख- ९८४५०८८५२८
- नगर प्रहरी इन्चार्ज- ९८४९७०२२८४

मितिः २०७७।६।८

(रेनु दाहाल)
नगर प्रमुख